# नहूमको पुस्तक

**१** निनवेशको शहरको विषयमा यो दु:खको वचन हो। यो पुस्तक नहूमको दर्शनको पुस्तक हो। नहूम एल्कीशीका थिए।

### परमप्रभु निनवे प्रति क्रोधित हुनुहुन्छ

२परमप्रभु ईर्षालु र बदला लिने परमेश्वर हुनुहुन्छ। परमप्रभुले दोषीहरूलाई दण्ड दिनुहुन्छ। परमप्रभुले उहाँको विरोधी मानिहरूलाई दण्ड दिनुहुन्छ र एकदमै क्रोधित हुनुहुन्छ। परमप्रभुले उहाँका शुत्रहरूलाई दण्ड दिनुहुन्छ र उनीहरूसंग एकदमै क्रोधित हुनु हुन्छ।

३परमप्रभु धैर्यशील हुनुहुन्छ, तर उहाँ अत्यन्तै शक्तिशाली पनि हुनुहुन्छ अनि परमप्रभुले दोषीलाई दण्ड दिनु हुन्छ। उहाँले तिनीहरूलाई भाग्न दिनुहुँदैन्। हेर, परमप्रभु दुष्टजनहरूलाई दण्ड दिन आउँनुहुँदैछ। उहाँले आफ्नो शक्ति देखाउँनका निम्ति भुवरी र आँधी ल्याउनु हुनेछ। मानिसहरू यो पृथ्वीमा माटोमाथि हिड़्छन् तर परमप्रभु बादलमा हिड़्नुहुन्छ।

४परमप्रभु समुद्रसित कर्कश शब्दमा बोल्नु हुन्छ अनि त्यो समुद्र सुक्छ। सबै नदीहरू सुक्नेछ। बाशान र कर्मेलको हरियाली सुक्खाले मार्नेछ। लबानोनको फूलहरू ओइलिनेछन्।

५परमप्रभुको आगमन हुनेछ अनि पहाड़हरू डरले काम्नेछन्, अनि पहाड़हरू पग्लेर बग्नेछन्। परमप्रभुको आगमन हुनेछ र पृथ्वी डरले काम्नेछ। यो संसार अनि यसमा रहने सबै डरले काम्नेछन्।

६परमप्रभुको भयानक रिसको अघि कोही पनि उभिन सक्तैन्। कसैले पनि परमप्रभुको भयानक रिस सहन सक्तैन्। उहाँको क्रोध आगो झैं हुन्छ। जब उहाँ आउनुहुन्छ तब चट्टानहरू समेत टुक्रा-टुक्रा हुन्छन्।

७परमप्रभु असल हुनुहुन्छ! उहाँ कष्टको समयमा सुरक्षित स्थान हुनुहुन्छ। उहाँमाथि भरोसा गर्नेहरूको उहाँले हेरचाह गर्नुहुन्छ।

८तर उहाँले आफ्नो शत्रुहरूलाई पुरै ध्वंश पार्नु हुन्छ। उहाँले शत्रुलाई बाढ़ीको पानीले बगाए जस्तै बगाउँनु हुन्छ। अँध्यारोको बीचमा उहाँले आफ्नो शत्रुहरूलाई लखेट्नु हुन्छ।

९के तिमीले परमप्रभुको विरुद्धमा षड्यन्त्र रच्दैछौ? परमप्रभुले तिमीलाई समाप्त पारिदिनु हुनेछ अनि अरु धेरै कष्ट पैदा गर्न सक्षम हुने छैनौ।

१०भाड़ाँ भित्र अड़किएर जलिरहको काँड़ाहरू जस्तौ तिमीहरू ध्वंश हुनेछौ। सुकेको बल्ने घाँसहरू जस्तौ तिमी भूटै ध्वंश हुनेछौ।

११हे अशशूर! एउटा मानिस तिमीहरूबाट आएकोछ। त्यसले परमप्रभुको विरूद्धमा षड़यन्त्र रचेकोछ अनि खराब सल्लाहहरू दिएकोछ।

१२परमप्रभुले यहूदासंग भन्नु हुन्छ, "अश्शूरका मानिसहरू अत्यन्तै शक्तिशाली छन्। तिनीहरूका सैनिकहरू अनगन्ती छन्, तर तिनीहरू सबै काटिनेछन् अनि फ्याँकिनेछन्। प्रत्येकलाई शेष गरिनेछ। हे मेरो मानिसहरू! मैले तिमीहरूलाई धेरै कष्टहरू दिएँ, तर म अब तिमीहरूलाई अरु वेशी कष्ट पैदा गर्नेछैन्।

१३म अब तिमीहरूलाई अश्शूरको शक्तिबाट मुक्त गर्नेछु। म तिमीहरूको गर्दनबाट त्यो जुवा फुकालि दिनेछु। त्यसलाई म चकनाचुर पार्नेछु। जुन साङ्लोले तिमीहरू बाँधिएका छौ त्यसलाई टुक्रयाउनेछु।"

१४हे, अश्शूरको राजा! तिम्रो सम्बन्धमा परमप्रभुले यो आज्ञा दिनुभएकोछ, "तिम्रो नाउँ राख्नलाई तिम्रो कुनै सन्तान रहनेछैन्। तिम्रो खोपेको अनि धातुले बनाएको मूर्तिहरू जुन तिम्रो देवताहरूको मन्दिरमा राखिएकाछन् म सबै ध्वंश पार्नेछु। म तिम्रा निम्ति चिहान बनाउँदैछु किनकि तिम्रो अन्तिम क्षण आउँदैछ।

१५हेर यहूदा! पहाड़माथिबाट त्यहाँ कोही आउँदैछ। हेर, कसैले सुसमाचार लिएर आउँदैछ। हेर, त्यसले भन्दैछ, 'त्यहाँ शान्ति छ।' यहूदा तिमीले आफ्नो विशेष भोज मनाऊ। यहूदा तिमी आफ्नो भाकल पुरा गर। फेरि दुष्टले तिमीमाथि आक्रमण गर्नेछैनन्। ती सबै दुष्टहरू ध्वंश पारिनेछन्।

### निनवे नष्ट हुनेछ

**२** हे निनवे, तिम्रो विरूद्धमा युद्ध गर्न शत्रुहरू आउँदैछन्। यसकारण तिमीले आफ्नो शहर शक्तिशाली भूमिहरू सुरक्षित राख। बाटोमा रक्षा गर युद्धको निम्ति तयार होऊ। लड़ाइँका निम्ति तत्पर होऊ।

२किनभने परमप्रभुले इस्राएलको महिमा जस्तै याकूबको महिमा फर्काएर ल्याँउदै हुनुहुन्छ। शत्रुले तिनीहरूलाई ध्वशं पारेकोछ अनि तिनीहरूको दाखबारी नष्ट पारेकोछ।

३ती सैनिकहरूको ढालहरू राता छन्। तिनीहरूको पोशाक रातो चहकिलो छ। उनीहरूको रथहरू लड़ाइँको लागि पंक्तिमा राखिएकाछन् अनि आगोको ज्वाला झैं

चम्किरहेकाछन्। तिनीहरूका भालाहरू ठाड़ो राखिएका
छन्।
४तिनीहरूका रथहरू बाटोमा अत्यन्तै बेगसित
दौड़िन्छन्। तिनीहरू खूल्ला मैदानमा यता उता गरिरहन्छन।
तिनीहरू बलिरहेको राँकोहरू जस्तो, ठाउँ ठाउँबाट
बिजुली चम्किरहे जस्तो देखिन्छन।
५शत्रुले आफ्नो सर्वोत्तम सेनाहरूलाई बोलाइ रहेकाछन।
तर जब तिनीहरू बाटोमा कदम मिलाएर अघि बढ़छन्
तब तिमीनरू धर्मराउँछन। तिनीहरू भित्ता तिर आतुरिँदै
अघि बढ्छन् अनि तिनीहरूको रक्षा ढाल भित्ता भत्काउने
यन्त्रमाथि राख्छन्।
६तर बाढ़ीका फाटकहरू खुल्ला छन्। शत्रुहरू
बाढ़ी झैं भित्र पसिरहेकाछन् अनि राजाको महल ध्वंश
पारिदैछ।
७हेर, शत्रुहरूले रानीलाई लँदैछन् अनि तिनका
नोकर्नीहरू छाती पिट्दै ढुकुरहरू झैं विलाप गर्दैछन।
८निनवे पानीको तलाउ जस्तै छ जसको पानी बगरे
गइरहेकोछ। मानिसहरू चिच्याउँदै भन्दैछन, "पर्ख!
पर्ख! भागेर नजाऊ।" तर नत कोही रोकिए न त
कसैले त्यसको वास्ता नै गरे।
९हे, सैनिकहरू ज-जसले निनवेको विनाश गरिरहेकाछौ
तिमीहरूले चाँदी लैजाऊ। तिमीहरूले सुन लैजाऊ। यहाँ
सुन र चाँदीका धेरै वस्तुहरू छन्। यहाँ धेरै बहुमूल्य
वस्तुहरू छन्।
१०अब निनवे रित्तियो। प्रत्येक चीज चोरियो। शहरको
विनाश भयो। मानिसहरूको साहस हरायो। तिनीहरूको
हृदय डरले गलेकोछ। तिनीहरूको घुँड़ाहरू काम्दैछन
तिनीहरूको शरीरहरू काम्छ, तिनीहरूको अनुहारहरू
डरले पहेंलो भएकाछन्।
११सिंहहरूका गुफा अब खोई? जहाँ सिंह अनि
सिंहनीहरू बस्थे। उनीहरूको डमरूहरू निर्भय साथ
रहन्थे।
१२जुन सिंहहरूले आफ्नो डमरूहरू र सिंहनीहरूको
निम्ति कति शिकार मारेका थिई, अनि आफ्नो गुफा
भरेको थिई। त्यसले आफ्नो ओड़ारमा शिकार गरेर
ल्याएका पशुहरूले र चिथोरेका मासुहरूले भरपूर
पर्दाथी।
१३सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ: "निनवे, म तिम्रो
विरूद्धमा छु। म तिम्रा रथहरू जलाई दिनेछु। म तिम्रो
जवान सिंहहरूलाई तरवारले मारिदिने छु। तिमीले
कसैलाई पनि पृथ्वीमा शिकार गर्ने छैनस्। मानिसहरूले
फेरि कहिले पनि तिम्रो वचनबाट नराम्रो समाचारहरू
सुन्ने छैन।"

## निनवेको निम्ति नराम्रो समाचार

३ यो हत्याराहरूको शहरलाई एकदमै नराम्रो हुनेछ!
निनवे शहर झूटले भरिएको छ। यो अन्य
देशहरूबाट ल्याएको छनले भरिएकोछ। यो सधैं भरि
शिकारहरूले भरिएकोछ।
२तिमीहरूले कोर्राहरूको आवाज, पाङग्राहरूको
आवाज, घोड़ाहरूका दौड़ अनि रथहरू दगुर्दै गरेको
आवाज सुन्दैछौ।
३घोड़-सवारहरूले आक्रमण गरिरहेकाछन् र तिनीहरूको
तरवारहरू चम्किरहेकाछन्, तिनीहरूका भाला चम्किरहेको
छ। त्यहाँ लाशहरूको थुप्रो छ, अनगन्ती लाशहरू
छरिएका छन् मानिसहरू ती लाशमा ठेस लागी
लवराइरकाछन्।
४यी सबै निनवेको कारणले भएको हो। निनवे
वेश्या जस्तै छे जो कहिल्यै पनि तृप्ति हुदिँन। त्यसलाई
अझैं धेरै धेरै चाहिन्छ। उसले आफूलाई धेरै अरू
देशमा बेच्यो अनि त्यसले उसलाई आफ्नो दास बनाउँन
टुना-मुना गर्‍यो।
५सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "हे निनवे म
तिम्रो विरूद्धमा छु। म तिम्रो पोषाक तिम्रो अनुहारमाथि
उठाउनेछु। सबै राष्ट्रहरूलाई तिम्रो नग्न शरीर देखाइ
दिनेछु। ती राज्यहरूले तिम्रो लाज हेर्नेछन्।
६म तिमी माथि घृणा लाग्दा चीजहरू फ्याँकिदिनेछु।
म तिमीलाई घृणित व्यवहार गर्नेछु। मानिसहरूले तिमीलाई
देख्नेछन्, अनि तिमीलाई देखेर हाँस्ने छन्।
७प्रत्येक जसले तिमीलाई देख्नेछ छक्क पर्नेछन।
तिनीहरूले भन्ने छन्, 'नीनवे ध्वंश भयो! उसका निम्ति
को रून्छ?' म जान्दछु कि तिमीलाई सान्तवना दिने म
कोही पनि भेट्ने सक्दिन निनवे।"
८निनवे, के तिमी नील नदीको किनारमा अवस्थित
अमोन शहर भन्दा असल छौ? होइन, अमोनको
चारैतिर पानी थियो अनि ओमनले यो पानी स्वंयलाई
उनका शत्रुहरूबाट बचाउनका निम्ति प्रयोग गर्थ्यो।
उसले यो पानी सुरक्षित पर्खालको रूपमा प्रयोग गर्‍यो।
९कूश र मिश्रले अमोनलाई धेरै शक्ति दिए। त्यसलाई
पूत अनि लिबियाको पनि समर्थन प्राप्त थियो। १०तर
अमोन पराजित भयो। तिनका मानिसहरूलाई कैदी
बनाएर अर्को देशमा लगियो। गल्लीहरूको कुनामा
शत्रुका सैनिकहरूले उसका साना नानीहरूलाई पछारेर
टुक्रा-टुक्रा पार्‍यो। कुन मानिसले उसका कुन महत्वपूर्ण
मानिसहरूलाई कमरा बनाउन सक्छ, त्यो हेर्न चिठ्ठा
हाले। आमोनको सबै महत्वपूर्ण मानिसहरूलाई उनीहरूले
साङलोले बाँधे।
११यसकारण निनवे, एउटा मातेको मानिस जस्तै
लड़ने छौ। तिमी लुक्ने चेष्टा गर्ने छौ। शत्रुबाट टाढ़ा
सुरक्षित स्थान खोज्दै हिड़ने छौ। १२तर निनवे, तिम्रो
सबै बलियो ठाउँहरू नेभाराको रुखहरू जस्तै हुनेछन।
नयाँ नेभाराको फल पाक्नेछ, कुनै एउटा मानिस आएर
बोट हल्लाई दिन्छ र सबै नेभारा त्यो मानिसको मुखमा
खस्छ। त्यसले सबै खान्छ र सबै सकिन्छ।

१३निनवे तिम्रो सबै मानिसहरू, स्त्रीहरू जस्तै छन्
अनि तिनीहरूलाई लान शत्रुका सैनिकहरू तयार छन्।
तिम्रो भूमिका फाटकहरू तिम्रो शत्रुहरूका निम्ति खुल्ला
छन् अनि तिनीहरू भित्र पस्दै छन्। तिम्रो फाटकका
काठका बारहरू जलाएर ध्वंश पारेकाछ।

१४तिमी पानी जम्मा गर, आफ्नो शहरभित्र जमा
राख। किनकि शत्रुका सेनाहरूले तिम्रो शहर घेर्नेछन्।
तिनीहरूले शहरभित्र कसैलाई पनि खाना अथवा पानी
ल्याउन दिनेछैनन्। आफ्नो सुरक्षा बलियो बनाऊ। अनि
धेरै इटाँ बनाउँनको लागि माटो जमा गर। ईटाँ
बनाउनको लागि मसला मिसा अनि साँचो ठीक पार।
१५तिमी यी सबै कामहरू गर्न सक्छौ तर फेरि आगोले
तिमीलाई पूर्ण रूपले ध्वंश पार्नेछ। अनि तरवारले
तिमीलाई मार्नेछ। तिम्रो केहिहरू भूमि यस्तो देखा पर्नेछ
मानौं केही सलहहरू आएकाछन र यसको हर चीज
खाइदिएका छन्। नीनवे तिमी लगातार बढ़दै गयौ तिमी
फटेग्रोको हूल झैं भइस्। तिमी सलहको हूल झैं
थियौ।

१६तिम्रो व्यापारीहरूको जो विभिन्न ठाँउहरूमा गएर
सामानहरू किन्छन् तिनीहरूको संख्या बढ़ेकोछ। तिनीहरू
आकाशका ताराहरू जस्तै धेरै भएकाछन्। तिनीहरू
सलहको हूल जस्तै भएकाछन् जसले प्रत्येक वस्तु
समाप्त नहुञ्जेल सम्म खान्छन् अनि त्यस पछि
जान्छन्। १७अनि तिम्रो राज्यका अधिकारीहरू, सलहहरू
जस्तै छन्। यी ती सलहहरू जस्तै छन् जो
जाड़ोको दिनमा चट्टानमाथि बस्छन् तर सूर्य उदाए पछि
चट्टानमा गर्मी हुन थाल्छ अनि ती उड़ेर कता जान्छन्
कसैलाई पनि थाहा हुँदैन्। तिम्रो अधिकारीहरू पनि
यस्तै छन्।

१८हे अश्शूरका राजा, तिम्रो गोठालाहरू निदाइरहेका
छन्। ती शक्तिशाली मानिसहरू आराम गरिरहेका छन्
अनि तिम्रो मानिसहरू पर्वतहरूमा घुमिरहेकाछन्।
तिनीहरूलाई फर्काएर ल्याउने कोही छैन। १९निनवे,
तिमी नराम्रो प्रकारले घायल भएको छौ, अनि त्यस्तो
कुनै चीज छैन् जसले तिम्रो घाउलाई निकोपार्छ।
जस-जसले तिम्रो विनाशको समाचार सुन्छ तिनीहरू
सबैले ताली बजाउँछन्। उनीहरू सबै प्रसन्न हुन्छन्।
किन? किनभने उनीहरू सबैले त्यो पीड़ा अनुभव
गरेकाछन् जुन तिमीले उनीहरूलाई सधैं दु:ख दिने
गर्थ्यौ।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**
- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html